# कार्यपालिका बैठक संख्या - १९३ औं बैठक

आज मिति २०८३।०१।०४ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | — |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा. |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | — |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ग्यवाली | सूचना प्रविधि अधिकृत | Gyawali |
| १७. | शान्ति आचार्य | का.स. | |

**बैठकका एजेन्डा:**

१) अघिल्लो १९२ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) प्रदेश विशेष तथा समपुरक आयोजना माग सम्बन्धमा,
३) योजना सम्झौता तथा कार्यक्रम संचालन सम्बन्धमा,
४) प्रथम तथा दोस्रो चौमासिक योजना फरफारक सम्बन्धमा,
५) फोहोरमैला व्यवस्थापन सम्बन्धमा,
६) गाउँपालिकाको आवधिक वृत्तचित्र सम्बन्धमा,
७) टोल विकास संस्था सम्बन्धमा,
८) कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

निर्णयहरु:

१) अघिल्लो १९१ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) लुम्बिनी प्रदेश योजना आयोगको मिति २०८२/१२/२७ गतेको पत्रानुसार प्रदेश विशेष तथा समपुरक आयोजना माग गर्ने सम्बन्धमा छलफल गरी विशेष र समपुरक आयोजना माग गरी पठाउनको लागि अर्को मिति २०८३/०१/११ गतेको कार्यपालिका बैठकमा निर्णय गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

३) आर्थिक वर्ष २०८२/०८३ को कार्यान्वयन गर्न बाँकी निर्माण सँग सम्बन्धित योजनाहरुको सम्झौता गर्नको लागि अन्तिम मिति २०८३ बैसाख २० गते तोक्ने साथै लक्षित वर्गको कार्यक्रमहरु पनि संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४) आर्थिक वर्ष २०८२/०८३ को प्रथम तथा दोस्रो चौमासिक अवधिमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरु यस कार्यपालिका बैठकबाट अनुमोदन गरी फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) पूर्वखोला गाउँपालिका क्षेत्रभित्र रहेका बस्तिबाट निस्केको फोहोर व्यवस्थापन गर्नको लागि वडा न. १ सिलुवाको जमले भन्ने स्थानमा डम्पिङ साइट बनाउने र फोहोर व्यवस्थापन गर्ने साथै प्रत्येक वडामा पनि फोहोर व्यवस्थापनको लागि निकट भविष्यमा नै उपयुक्त स्थान तोकी डम्पिङ साइट निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

६) पूर्वखोला गाउँपालिकाको वडा तह तथा गाउँपालिका तहमा भएका शिक्षा, स्वास्थ्य,सामाजिक समावेशीकरण, सामाजिक शसक्तिकरण पूर्वाधार, विकास, कृषि तथा पशु विकास, खानेपानी लगायका क्षेत्रमा भएका असल अभ्यासहरु समेटी आवधिक वृत्तचित्र तयार गर्ने र असल अभ्यास सम्बन्धी मिडिया कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि माडी भ्यू मिडिया प्रा.लि. लाई कार्यादेश दिने सर्वसम्मत निर्णय गरियो ।

७) पूर्वखोला गाउँपालिका भित्रका प्रत्येक वडाको टोल विकास संस्थालाई प्रभावकारी रुपमा परिचालन गर्नको लागि आवश्यक तालिमहरु आयोजना गर्ने र टोल विकास संस्था दर्ता प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत
२०८३/०१/०४
नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

८) आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाबाट प्रशासनिक भवन कार्यक्रम सञ्चालन गर्नका लागि टेण्डर आव्हान गरिएको र उक्त ठेक्का प्राप्त गर्ने पूर्वखोला कन्स्ट्रक्सन प्रा.लि.ले बैंक जमानत पेश गर्न नसक्ने कारण देखाई कार्यालयबाट पटक पटक ताकेता गर्दा पनि उक्त योजना सम्झौता गर्न नआएको हुँदा उक्त कन्स्ट्रक्सन प्रा.लि. लाई हदै सम्मको आवश्यक कारवाही अगाडि बढाउन सार्वजनिक खरीद अनुगमन कार्यालयलाई सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो ।

९) शुभश्री निर्माण सेवा प्रा.लि. सुनवल-३ नवलपरासीले Thangsing Kharak Dhuseni Shathikohal Motor Bato Nirman योजना सञ्चालन हुने क्रममा निस्कने Waste Material नियमानुसार राजश्व बुझाई निकासी गर्नका लागि अनुमती माग गरेकोमा निजलाई Estimate अनुसारको Waste Material गाउँपालिकाको नियमानुसार राजश्व लिई निकासी गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

२०८२/०९/०४

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष